कार्यपालिकाको बैठक संख्याः ५१(एघा)
बैकठको अध्यक्षताः ठान बहादुर रोकाया

मितिः २०८१।११।१५
समयः बिहान ११:०० बजे
स्थानः सर्केगाड गा.पा. को कार्यालय

<u>उपस्थितिः</u>

| क. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | ठान बहादुर रोकाया | अध्यक्ष | |
| २ | देवकी तिमल्सिना (रोकाया) | उपाध्यक्ष | |
| ३ | कृष्ण केशर आचार्य | स. सचिव | |
| ४ | बल बहादुर कार्की | वडा अध्यक्ष १ | |
| ५ | सिद्ध कार्की | वडा अध्यक्ष २ | |
| ६ | अकिल कार्की | वडा अध्यक्ष ३ | |
| ७ | धन बहादुर छत्याल | वडा अध्यक्ष ४ | |
| ८ | दल बहादुर सिंह | वडा अध्यक्ष ५ | |
| ९ | पदम बहादुर शाही | वडा अध्यक्ष ६ | |
| १० | बल बहादुर ~~कार्की~~ खत्री | वडा अध्यक्ष ७ | |
| ११ | रंगमल रोकाया | वडा अध्यक्ष ८ | |
| १२ | आईति ऐडी | का. सदस्य | |
| १३ | ज्ञानसिंह वि.क. | का. सदस्य | |
| १४ | बाँसु कामी | का. सदस्य | |
| १५ | याङ्गी थापा | का. सदस्य | |
| १६ | सुपारी शाही | का. सदस्य | |
| १७ | रतिबाने बिक | का. सदस्य | |

सर्केगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सर्केगाड, हुम्ला कर्णाली प्रदेश नेपाल २०७३

CamScanner

प्रस्तावहरुः

१. प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्बन्धमा
२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) सञ्चालनका लागि प्रतिवद्धता सम्बन्धमा।
३. एम्बुलेन्स सञ्चालनका लागि चालक नियुक्ती सम्बन्धमा।
४. खानेपानी आयोजनाहरुको सञ्चालन स्विकृती सम्बन्धमा।
५. लक्षित वर्ग विकास कार्यक्रमको कार्यक्रम सञ्चालन सम्बन्धमा।
६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौटको निर्णय अनुमोदन सम्बन्धमा
७. सामाजिक सुरक्षा लाभग्राहीको विवरण प्रविष्टिका लागि Bio-Metric Machine खरिद सम्बन्धमा।
८. विविध सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सर्केगाड गाउँपालिकामा लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत(संघीय शाखा अधिकृत) बिहिन भएको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पटक पटक खटाइएका प्रमुख प्रशासकीय अधिकृतहरु पनि गाउँपालिकामा हाजिर हुन नआउने गरेको कारणले गाउँपालिकाका थुप्रै महत्वपूर्ण कार्यहरु रोकिएको विषम परिस्थिति रहेको र हाल गाउँपालिकामा कार्यरत बरिष्ठ अधिकृत सि.अ.हे.व. श्री उब्जन रोकायालाइ नि. प्रमुख प्रशासकीय अधिकृतको अख्तियारी प्रदान गरी कामकाज सञ्चालन हुँदै आएकोमा कर्णाली प्रदेशको स्थानीय सेवा ऐन, २०८१ बमोजिम यसै गाउँपालिकामा कार्यरत अधिकृतस्तर छैठौं तह, अधिकृत छैठौं(प्रशासन) पदमा कार्यरत श्री कृष्ण केशर आचार्यलाइ अधिकृतस्तर सातौं तह शाखा अधिकृत पदमा तह कायम गरेको र हाल गाउँपालिकामा सातौं तहको बरिष्ठ अधिकृतस्तरको कर्मचारी कृष्ण केशर आचार्य रहेको हुँदा गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत (संघीय शाखा अधिकृत) हाजिर नहुञ्जलेसम्मका लागि निज कृष्ण केशर आचार्यलाइ नि.प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी प्रदान गरिदिन हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाइ अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मितिः २०८१/११/१५ को स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि स्थानीय तह छनौट सम्बन्धी सूचना को सम्बन्धमा सूचनामा तोकिए बमोजिमका छनौटका मापदण्डहरु पूरा भएकोले गाउँपालिका स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालनका लागि इच्छुक भएको हुँदा गाउँपालिकाको हालसम्मको उपलब्धी हासिल गरेको जानकारी गराउदै देहाय बमोजिमका विषयमा प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियोः

१. गाउँपालिकाले हालसम्म प्रचलित कानून कार्यविधि बमोजिम नै वार्षिक योजना छनौट तथा स्वीकृती गर्ने गरिरहेको र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) सञ्चालाका लागि छनौट भएमा गाउँपालिकाको वार्षिक बजेट तथा विकास कार्यक्रममा समाविष्ट गरी सञ्चालन गर्ने

कृष्ण केशर आचार्य
नि. प्रमुख प्रशासकीय अधिकृत

ठान बहादुर रोकाया
अध्यक्ष

२. गाउँपालिकाले स्थानीय विकास योजना सञ्चालन र व्यवस्थापनमा विभिन्न तरिका साधन प्रयोग गर्दै आइरहेकोमा स्थानीय पूर्वाधार सहयोग सम्बन्धी सहलगानीमा सञ्चालन हुने कार्यक्रममा समेत विभिन्न नविनतम विधि साधन र प्रक्रिया अवलम्बन गर्न तथा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) सँगको समन्वयमा अनुगमन तथा मुल्याङ्कन गर्न इच्छुक रहेको

३. गाउँपालिकाको ५ वर्षे आवधिक योजना(Periodic Plan) तयार भइसकेको र उक्त आवधिक योजना Spatial Based योजना छनौट गरीएको र उक्त आवधिक योजनामा पूर्वाधार विकाससम्बन्धी योजनाहरु समावेश गरी गाउँपालिकाको ५ वर्षे विकासको रणनीति तयार गरिएको ।

४. गाउँपालिकामा गाउँ कार्यपालिकाको बैठक नियमित रुपमा बस्ने गरिएको साथै पूर्वाधार विकास समिति सक्रिय रहेको ।

५. गाउँपालिकाको योजना तर्जुमा सार्वजनिक खरिद लेखा व्यवस्थापन लेखापरिक्षण प्रणाली र प्रक्रियामा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमबाट प्राप्त वित्तिय साझेदारीको रकमलाइ गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी पाइलटसँगको वित्तिय साझेदारीमा स्थानीय पूर्वाधार विकासका लागि काम गर्न तत्पर रहेको ।

६. गाउँपालिकाले नियमित रुपमा स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन(LISA) गरी LISA मा जिल्लामा उत्कृष्ठ रहेको ।

७. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) सँगको सहलगानीमा कार्यान्वयन गरिने योजनाहरुमा तोकिए बमोजिम(ग्रामिण सडक सुधारसम्बन्धी आयोजनामा कम्तिमा २०% देखि ४०%, साना सिचाई खानेपानी तथा सरसफाइ भवन सम्बन्धी आयोजनामा कम्तिमा ४०% विपद जोखिम न्यूनिकरण जलवायु उत्थानशील र वैकल्पिक उर्जा सम्बन्धी आयोजनामा कम्तिमा २०%) को सहलगानीको हिस्सा विनियोजन गर्न प्रतिवद्ध रहेको

८. गाउँपालिकाको पूर्वाधार विकाससम्बन्धी योजना/आयोजनाहरुको निर्माण नियमित मर्मत सम्भार र व्यवस्थापनका लागि सर्केगाड गाउँपालिका पूर्वाधार व्यवस्थापन ऐन, २०७६ तर्जुमा भइसकेको तथा मर्मत सम्भारका लागि पूर्वाधार विकास मर्मत सम्भार कार्यविधि तर्जुमा भइसकेको ।

९. आ.व. ०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्व मुल्याङ्कन (LISA) मा ८३ अङ्क प्राप्त गरेको

१०.आ.व. ०७९/०८० को स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ६८ अङ्क प्राप्त गरेको

११.सर्केगाड गाउँपालिकाको जलवायु अनुकुलन कार्ययोजना (LAPA) तर्जुमा भइ कार्यान्वयनमा रहेको र उक्त योजनामा जलवायु परिवर्तन सङ्कटासन्नताको स्तरीकरण गरिएको ।

१२.राष्ट्रिय जनगणना, २०७८ अनुसार १०६८८ जनसंख्या रहेकोमा गाउँपालिकामा आर्थिक वर्ष ०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचिकृत जम्मा बेरोजगारहरुको संख्या १७९९ रहेकोमा ९० ले १०० दिन बराबरको रोजगारी प्राप्त गरेको । मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ४०० जनाले औषतमा ३० दिन बराबरको रोजगारी प्राप्त गरेको ।

ठान बहादुर रोकाया
अध्यक्ष

१३.सर्केगाड गाउँपालिकाको सरसफाइ तथा स्वच्छता योजना (WASH) तर्जुमा भइ कार्यान्वयनमा रहेको साथै गाउँपालिकाको एकिकृत यातायात व्यवस्थापनका लागि सर्केगाड गाउँपालिका एकिकृत सडक गुरुयोजना (MTMP) तर्जुमा भइसकेको ।

१४.गाउँपालिकाले पूर्वाधार क्षेत्रमा हालसम्म गरेका प्रगतिहरुको एकिकृत विवरण तयार गरी आवश्यकता प्राथमिकता निर्धारण गरी निर्माण तथा मर्मत सम्भारका लागि योजना तर्जुमा गरी बजेट विनियोजन गर्ने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस सर्केगाड गाउँपालिकामा रहेको एम्बुलेन्स चालकको कार्यसम्पादन सन्तोषजनक नदेखिएकोले गत श्रावण देखि निजको करार सेवा भङ्ग गरीएको र नविकरण नगरिएको र लामो समयदेखि एम्बुलेन्स सेवा बन्द अवस्थामा रहेको हुँदा आकस्मिक सेवाको रुपमा एम्बुलेन्स सेवा सञ्चालन गर्नका लागि २०८१ फाल्गुन १ देखि २०८२ असार मसान्तसम्मको लागि सर्केगाड गाउँपालिका वडा नं. ८ निवासी ठान बहादुर वि.क.लाइ एम्बुलेन्स चालक नियुक्त गरी एम्बुलेन्स सेवा सञ्चालन गर्ने निर्णय गरियो। साथै गाउँपालिकाबाट चारपाङ्ग्रे सवारी साधन स्कार्पियो खरिदको प्रक्रियामा रहेको हुँदा स्कार्पियोको हल्का सवारी चालकका लागि सर्केगाड गाउँपालिका वडा नं. ५ बस्ने मुकुन्द बुढालाइ नियुक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस सर्केगाड गाउँपालिकाको खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समिति(वास व्यवस्थापन समिति) को मिति २०८०/०९/०८ को निर्णय अनुसारका ०८१/०८२ मा सञ्चालन गर्ने भनिएका आयोजनाहरु बजेट प्राप्त नभएका कारण सञ्चालन हुन नसकेको हुँदा आ.व. ०८२/०८३ मा उक्त आयोजनाहरुका साथै थप देहाय बमोजिमका आयोजनाहरु सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरिदिन हुन सबैका लागि दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजना परियोजना इकाई सुर्खेतलाइ अनुरोध गर्ने निर्णय गरियो।

**नयाँ निर्माण गर्नुपर्ने खानेपानी आयोजनाहरु:**

१. सर्केगाड वृहद् खानेपानी योजना वडा नं. ४ सर्केगाड बजार
२. कोट मा.वि. खानेपानी योजना वडा नं. ७ रोडीकोट

**मर्मत गर्नुपर्ने ठुला योजनाहरु:**

१. औल बराइ खानेपानी आयोजना वडा नं.६
२. गैरीसाया खानेपानी आयोजना वडा नं. ४
३. उनापानी खानेपानी आयोजना वडा नं. ३
४. नौमुले खानेपानी आयोजना वडा नं. ५
५. लालीगुराँस खानेपानी आयोजना वडा नं.२
६. हलेठेला खानेपानी आयोजना वडा नं. २

कृष्ण केशर आचार्य
प्रमुख प्रशासकीय अधिकृत

ठान बहादुर रोकाया
अध्यक्ष

७. ग्वाली सिक्काडा खानेपानी आयोजना वडा नं. ८
८. मुण्डी थाहा खानेपानी आयोजना वडा नं. ४
९. घट्टेखोलादेखि औलछयागी खानेपानी आयोजना वडा नं. ६
१०. धुपीरुख बृहत् खानेपानी आयोजना वडा नं. १
११. याली निर्व्याली खानेपानी आयोजना वडा नं.८
१२. ताँच खानेपानी आयोजना वडा नं. ७
१३. कावडपानी खानेपानी आयोजना वडा नं. ४
१४. इश्वर प्रा.वि. खानेपानी आयोजना वडा नं. ६

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सर्केगाड गाउँपालिकाको आ.व. ०८१/०८२ को वार्षिक कार्यक्रम तथा बजेटमा लक्षित वर्ग तर्फ रु १५,००,०००।- बजेट विनियोजन गरिएकोमा उक्त बजेट देहाय बमोजिमका वडाहरुमा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | वडा नं. | बजेट |
|---|---|---|---|
| १ | दलित लक्षित दलित घरपरिवारलाइ लागत समझेदारीमा बाख्रा वितरण कार्यक्रम | वडा नं. २ | ५००००० |
| २ | जेष्ठ नागरीक सम्मान कार्यक्रम अन्तर्गत वडा नं. ६ अन्तर्गतका ६५ वर्ष माथिका जेष्ठ नागरिकलाइ कम्बल वितरण कार्यक्रम | वडा नं. ६ | ५००००० |
| ३ | महिला लक्षित कार्यक्रम अन्तर्गत वडा नं. ७ मा शिव मन्दिर निर्माण | वडा नं. ७ | ५००००० |
| | | जम्मा | १५,००,०००।- |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सर्केगाड गाउँपालिकामा यसै आर्थिक वर्ष ०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. १ देखि ८ सम्म सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम व्यवस्थापनका लागि गठीत निर्देशक समितिको निर्णय अनुमोदन गरी सोही बमोजिमका योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

कृष्ण केशर आचार्य
प्रमुख प्रशासकीय अधिकृत

ठान बहादुर रोकाया
अध्यक्ष